बागमती प्रदेश सभाको बैठकमा

मानननीय प्रदेश प्रमुख श्री दीपक प्रसाद देवकोटाद्वारा प्रस्तुत

बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८३/८४ को

# नीति तथा कार्यक्रम

बागमती प्रदेश सरकार

२०८३ जेठ १२ गते

**बागमती प्रदेश सभाका माननीय सभामुख,**

**प्रदेश सभाका माननीय सदस्यहरू,**

१. बागमती प्रदेश प्रमुखको रुपमा प्रदेशको सम्मानित सदनको बैठकलाई सम्बोधन गरिरहँदा गौरवान्वित महसुस गरेको छु। यस अवसरमा लोकतन्त्र, सङ्घीयता, सामाजिक न्याय, नागरिक अधिकार र सुशासन स्थापनाका लागि भएका विभिन्न आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, आन्दोलनमा योगदान पुऱ्याउनुहुने सम्पूर्ण अग्रजहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।

२. नयाँ पुस्ताले भाद्र २३ र २४ मा देशभर गरेको प्रर्दशनको क्रममा भएको अकल्पनीय क्षति, समय अगावै भएको प्रतिनिधि सभाको आवधिक निर्वाचन सम्पन्न गर्नुपर्ने जिम्मेवारी, पश्चिम एसियामा विकसित संकटका कारण पेट्रोलियम पदार्थमा भएको अस्वाभाविक र अकल्पनीय मूल्यवृद्धि लगायत विभिन्न कठिनाईका कारण पूँजीगत खर्चमा अपेक्षा गरे बमोजिम प्रगति हुन नसकेको भए तापनि आगजनी र तोडफोडवाट क्षतिग्रस्त प्रदेश सरकारका मन्त्रालय र प्रशासनिक संरचनाहरूको पुनर्निर्माण कार्यलाई तिव्रता दिई अभिलेख व्यवस्थापन र सेवा प्रवाहलाई चुस्त र सहज बनाइएको छ।

३. प्रदेश सरकार आगामी आर्थिक वर्षमा सुशासन, सेवा प्रवाहमा सुधार, उत्पादन र उत्पादकत्व अभिवृद्धि, नवप्रवर्तन, रोजगारी सिर्जना, सामाजिक न्याय, दिगो पूर्वाधार निर्माण, मानव विकास र वातावरण संरक्षणलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गर्न प्रतिवद्ध रहेको छ।

४. प्रदेशवासी नागरिक खान नपाएर भोकै बस्न नपरोस्, उपचारको अभावमा दुःखी हुन नपरोस् र शिक्षाको उज्यालोबाट वन्चित हुन नपरोस् भन्ने भावनाका साथ प्रदेशको विकासलाई समावेशी, सन्तुलित र दिगो बनाउँदै "**सुखी नागरिक, समृद्ध बागमती**" को लक्ष्य हासिल गर्न प्रदेश सरकार दृढतापूर्वक अघि बढिरहेको छ।

५. नेपालको संविधानले परिकल्पना गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ, संस्थागत र जनउत्तरदायी बनाउँदै समृद्ध, समावेशी, उत्पादनमुखी र सुशासनयुक्त बागमती प्रदेश निर्माण गर्ने उद्देश्यसहित बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु।

**माननीय सभामुख,**

**माननीय सदस्यहरू,**

६. प्रदेश सरकार सुशासन, पारदर्शिता, जवाफदेहिता तथा नतिजामुखी सार्वजनिक प्रशासनलाई शासन प्रणालीको मूल आधारका रूपमा स्थापित गर्न प्रतिबद्ध रहेको छ। सार्वजनिक सेवा प्रवाहलाई छरितो, सरल, डिजिटल तथा नागरिकमैत्री बनाइनेछ। सरकारी सेवा गुणस्तरीय बनाई नागरिकको सहज पहुँच सुनिश्चित गर्न प्रविधिमा आधारित एकीकृत सेवा प्रणाली विस्तार गर्न "**बागमती प्रदेश मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम**" सञ्चालन गरिनेछ।

७. बागमती प्रदेशवासी नागरिकले भोग्नुपरेको पिरमर्का, समस्या, गुनासो र उजुरीलाई सुनुवाई गरी तत्काल सम्बोधन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा **हेलो सिएम डेस्क** स्थापना गरी प्रभावकारी रुपमा गुनासो सम्बोधनको व्यवस्था मिलाइनेछ।

८. प्रदेशको सार्वजनिक खर्च मापदण्ड, आयोजना छनोट मापदण्ड, बहुवर्षीय आयोजना व्यवस्थापन तथा आयोजना बैङ्क सम्बन्धी कानुनी व्यवस्थालाई एकीकृत र व्यवस्थित बनाइनेछ। बजेट विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता तथा वित्तीय अनुशासन अभिवृद्धि गरिनेछ।

९. अनुत्पादक चालु खर्च कटौती गर्दै सार्वजनिक खर्चलाई नतिजामुखी, पारदर्शी तथा प्रभावकारी बनाइनेछ। हाल विद्यमान प्रदेश मन्त्रालयहरूको संरचनालाई कार्यप्रकृति र विषयक्षेत्र समेतका आधारमा आपसमा गाभिएका आठ वटा मन्त्रालयको संगठन र दरबन्दी स्वीकृत गरी कार्यान्वयन गरिनेछ। साथै अन्य निकायहरूको पनि पूर्नसंरचना गर्दै औचित्य पुष्टि हुन नसकेका संरचनाहरूलाई खारेजी गरिनेछ।

१०. प्रदेश सरकारबाट सञ्चालित आयोजनाहरू कार्यान्वयन प्रगतिको निरन्तर रुपमा ट्र्याकिङ र ट्रेसिङ गर्न **अनलाइन प्रोजेक्ट मनिटरिङ सिस्टम** निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ। प्रदेश गौरवका आयोजनाहरूको नियमित अनुगमन र नियमन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयवाट गरिनेछ।

११. प्रदेशभित्रका सरकारी तथा सार्वजनिक निकायहरूको तथ्याङ्क तथा अभिलेखलाई सुरक्षित, व्यवस्थित र दिगो रूपमा व्यवस्थापन गर्न सङ्घीय सरकारसँगको समन्वय र सहकार्यमा केन्द्रीकृत डाटा सर्भर प्रणालीमा आबद्ध गरिनेछ।

१२. प्रदेशको **विद्युतीय रूपान्तरण(डिजिटल ट्रान्सफर्मेसन) कार्ययोजना** तयार गरी प्रशासनिक प्रणालीलाई चरणबद्ध रूपमा डिजिटल, एकीकृत तथा सेवाग्राहीमैत्री बनाइनेछ। आवश्यक डिजिटल प्रणालीहरूको विकास तथा आन्तरिकीकरण मार्फत प्रशासनिक सुधार र कार्यसम्पादनमा गतिशीलता ल्याइनेछ।

१३. भ्रष्टाचार उपर शून्य सहनशीलताको नीति अवलम्बन गर्दै प्रादेशिक रणनीतिक कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ। प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित, मितव्ययी तथा प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणाली, व्यवस्थापन परीक्षण तथा संस्थागत अनुगमनलाई सुदृढ बनाइनेछ।

१४. प्रदेशको अधिकारक्षेत्रभित्र तर्जुमा हुन बाँकी कानूनलाई प्राथमिकताका साथ निर्माण गरिनेछ। नागरिकको कानून तथा न्यायमा पहुँच अभिवृद्धि गर्न विद्यालय तथा समुदायस्तरमा कानुनी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

१५. सार्वजनिक निकायहरूमा सूचना प्रवाह, अभिलेख व्यवस्थापन तथा पारदर्शितासम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। सुशासन, पारदर्शिता तथा सार्वजनिक उत्तरदायित्व प्रवर्धन गर्न गुणस्तरीय, तथ्यपरक र रचनात्मक पत्रकारितालाई प्रोत्साहन गरिनेछ।

१६. प्रदेश लोक सेवा आयोग, प्रदेश किताबखाना तथा प्रदेश सुशासन केन्द्रको संस्थागत सुदृढीकरण गरिनेछ। प्रदेश निजामती सेवा र स्थानीय सेवामा कार्यरत कर्मचारीका लागि योगदानमा आधारित निवृत्तिभरण कोष स्थापना र सञ्चालन सम्बन्धी कानुनी व्यवस्था गरिनेछ। कर्मचारीहरूको मनोबल अभिवृद्धि गर्दै प्रदेश सेवाप्रति आकर्षण, व्यावसायिकता तथा समर्पण बढाउन आवश्यक नीतिगत तथा व्यवस्थापकीय सुधार गरिनेछ।

१७. तहगत अन्तरसम्बन्धलाई सुदृढ बनाउन प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ। प्रदेश तथा स्थानीय तहको लागत साझेदारीमा आयोजना विकास तथा कार्यान्वयन गरी प्राप्त प्रतिफलको न्यायोचित बाँडफाँट गरिनेछ। आन्तरिक आयस्रोत न्यून भएका तथा मानव विकास सूचकाङ्कमा पछाडि रहेका स्थानीय तहलाई वित्तीय हस्तान्तरण तथा विकास कार्यक्रममा प्राथमिकता दिई **पालिका मानव विकास तथा आर्थिक रुपान्तरण विशेष कार्यक्रम** सञ्चालन गरिनेछ।

१८. प्रदेशमा शान्ति सुरक्षा, कानुनी शासन तथा नागरिक सुरक्षालाई थप सुदृढ बनाउन सुरक्षा निकाय, स्थानीय तह तथा सरोकारवाला निकायबीच समन्वय र सहकार्य अभिवृद्धि गरिनेछ। प्रदेश प्रहरी, फरेन्सिक प्रयोगशाला तथा सुरक्षा पूर्वाधारको स्तरोन्नति गरिनेछ। साथै सार्वजनिक स्थलहरूमा सिसि टिभी क्यामरा जडान गरी **डिजिटल क्राइम ट्र्याकिङ सिस्टम** विकास गरिनेछ।

१९. लागुऔषध दुर्व्यसन, मानव बेचबिखन, साइबर अपराध न्यूनीकरणका लागि प्रविधिमा आधारित तथा समुदायकेन्द्रित कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालय तथा समुदायस्तरमा सुरक्षा सचेतना अभियान सञ्चालन गरिनेछ।

२०. **"विपद् पूर्वतयारीमा लगानी, जनधनको न्यून नोक्सानी"** भन्ने अवधारणाअनुसार विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई सुदृढ बनाइनेछ। प्रदेश विपद् गोदामघर, आपतकालीन कार्यसञ्चालन केन्द्र तथा पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाइनेछ।

२१. बाढी, पहिरो, डुबान तथा नदी कटान प्रभावित क्षेत्रमा तटबन्ध निर्माण, जोखिम न्यूनीकरण तथा पुनःनिर्माण कार्यक्रम सञ्चालन गरिनेछ। विपद् स्वयंसेवक परिचालन तथा विपद् बीमा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ। बागमती प्रदेश विपद् पोर्टल बनाई एकीकृत रुपमा विपद् प्रतिकार्य सञ्चालन गरिनेछ।

२२. वन डढेलो न्यूनीकरणका लागि समुदाय, सुरक्षा निकाय तथा स्थानीय तहसँगको सहकार्यमा पूर्वतयारी तथा नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ। जङ्गलमा झरेका पातपतिङ्गर तथा अन्य प्रज्वलनशील पदार्थलाई ऊर्जा तथा कम्पोष्ट मल उत्पादन र उपयोगलाई प्रोत्साहन गरिनेछ।

२३. उत्पादन, उद्यमशीलता, नवप्रवर्तन र रोजगारीलाई प्रदेशको आर्थिक रूपान्तरणको आधारका रूपमा विकास गरिनेछ। उद्योग, व्यापार तथा लगानी प्रवर्धनका लागि नीतिगत तथा कानुनी सुधार गरी एकद्वार प्रणाली मार्फत व्यवसाय दर्ता गर्ने व्यवस्था मिलाइनेछ।

२४. उच्च प्रतिफलयुक्त, उत्पादनमूलक तथा रोजगारी सिर्जना गर्ने ठूला आयोजनाहरूको छनोट तथा प्रभावकारी कार्यान्वयन गरिनेछ। अधुरा तथा उच्च प्रतिफल दिने आयोजनाहरू सम्पन्न गर्न पर्याप्त स्रोत सुनिश्चित गरिनेछ। प्रदेश रूपान्तरणका रणनीतिक आयोजनाहरूलाई **प्रदेश गौरवका आयोजना**का रूपमा विकास तथा कार्यान्वयन गरिनेछ।

२५. **"सीप, उद्यम र रोजगारः समृद्ध प्रदेशको आधार"** भन्ने नारासहित महिला तथा युवा जनशक्तिलाई बजारको माग अनुसारको सीप विकास तालिम र स्वरोजगार कार्यक्रममा आबद्ध गरिनेछ। उत्पादन तथा रोजगारी अभिवृद्धिका लागि सहुलियतपूर्ण कर्जा, ब्याज अनुदान तथा उद्यम प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ। निजी क्षेत्र, सहकारी तथा वित्तीय संस्थासँगको सहकार्यमा उत्पादनशील क्षेत्रमा लगानी विस्तार गरिनेछ।

२६. नवप्रवर्तनमा आधारित स्टार्टअप उद्यम विकासका लागि सार्वजनिक-निजी साझेदारीमा स्टार्टअप इकोसिस्टम निर्माण गरिनेछ। युवा लक्षित स्टार्टअपका लागि परियोजना धितोमा राखी बैङ्क मार्फत ब्याज अनुदान सहितको सहुलियतपूर्ण कर्जाको व्यवस्था मिलाइनेछ। विद्यालय तहदेखि उद्यमशीलता शिक्षा र विश्वविद्यालय तथा निजी क्षेत्रबाट सञ्चालित इन्क्युवेसन सेन्टरलाई प्रोत्साहन गरिनेछ।

२७. स्थानीय कच्चा पदार्थमा आधारित लघु, घरेलु, साना तथा मझौला उद्योगलाई प्रोत्साहन गरिनेछ। प्रादेशिक उत्पादनको ब्राण्डिङ, बजारीकरण, निर्यात प्रवर्धनमा जोड दिइनेछ। साथै प्रदेशभित्रका सार्वजनिक निकायहरूमा स्थानीय उत्पादनको प्रयोगलाई प्रवर्धन गरिनेछ।

२८. प्रशासनिक, आर्थिक तथा राजस्व सुधारसम्बन्धी अध्ययन प्रतिवेदनका सुझावहरू क्रमशः कार्यान्वयन गरिनेछ। प्रदेशको राजस्व दायरा विस्तार गर्दै राजस्व चुहावट नियन्त्रणका लागि अन्तरप्रदेश समन्वयमार्फत कर प्रणालीलाई थप व्यवस्थित बनाइनेछ।

२९. दर्ता तथा नवीकरण हुन नसकेका र रुग्ण उद्योगहरूको पुनःसञ्चालनका लागि प्रोत्साहन कार्यक्रम लागू गरिनेछ। सार्वजनिक-निजी-सहकारी साझेदारीमार्फत उत्पादनशील क्षेत्रमा निजी लगानी आकर्षित गरिनेछ। सङ्घ, प्रदेश र स्थानीय तहको सहकार्यमा औद्योगिक क्षेत्र, औद्योगिक ग्राम तथा हस्तकला ग्राम विकास गरिनेछ।

३०. उपभोक्ता हित संरक्षण तथा बजार व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ। कृत्रिम अभाव, कालोबजारी तथा कार्टेलिङ नियन्त्रण गर्न नियमित बजार अनुगमन गरिनेछ।

३१. भूमिको वैज्ञानिक, योजनाबद्ध र दिगो उपयोग सुनिश्चित गर्न प्रादेशिक भूउपयोग योजना कार्यान्वयन गरिनेछ। भू-अभिलेख तथा भूमि प्रशासनलाई प्रविधिमैत्री र पारदर्शी बनाइनेछ।

३२. **प्रदेश जनता आवास कार्यक्रम** तथा चेपाङ, बोटे, माझी, थामी, जिरेल, सुरेल, पहरी, बनकरिया लगायत सिमान्तकृत समुदायको एकीकृत आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ। अति गरिब, दलित, सीमान्तकृत, भुमिहीन, असहाय, सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको समस्या

समाधानका लागि स्थानीय तहसँगको सहकार्यमा कम्तिमा **एक हजार सुरक्षित आवास** निर्माण गरिनेछ।

३३. गरिबी निवारणलाई सामाजिक न्याय र समृद्धिको आधारका रूपमा अघि बढाइनेछ। प्रदेशभित्र बसोबास गर्ने दलित, अति गरिब, विपन्न, एकल महिला, लोपोन्मूख तथा सिमान्तकृत समुदायको परम्परागत सीपको संरक्षण एवं आधुनिकीकरण गर्दै जीविकोपार्जनका लागि सीप विकास, प्रविधि सहितको शुरुवाती पूँजी, स्वरोजगार र उत्पादनको बजारीकरणको प्रवन्ध मिलाइ **"गरिबले गरि खाने प्रदेशः बागमती प्रदेश"** को अवधारणा लागु गरिनेछ।

३४. चेपाङ समुदायको उत्थानको लागि चेपाङ, चिउरी, चमेरो कार्यक्रम सञ्चालन गरिनेछ।

३५. सुरक्षित, हरितमुखी, समावेशी र व्यवस्थित शहरीकरणका लागि उदीयमान बजार केन्द्र तथा शहरोन्मुख क्षेत्रहरूको योजनाबद्ध विकास गरिनेछ। स्थानीय तहसँगको लागत साझेदारीमा एकीकृत फोहरमैला व्यवस्थापन, नदी कोरिडोर विकास तथा सार्वजनिक खुला क्षेत्र संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

३६. प्रादेशिक राजधानी हेटौंडालाई **बृहत्तर हेटौंडा**को अवधारणा अनुरूप साइकल लेनसहितको पैदलयात्रीमैत्री सडक, नदी कोरीडोर विकास र प्रादेशिक साँस्कृतिक ग्राम लगायतका पूर्वाधारहरूको निर्माण गरिनेछ। प्रदेश सरकारको एकीकृत प्रशासनिक भवन, प्रदेश सभा भवन तथा आवासको निर्माण कार्य सुरू गरिनेछ।

३७. प्रदेश सरकार अन्तर्गतका सरकारी भवनहरूको बीमा गर्ने नीति अवलम्बन गरिनेछ। भवन सूचना व्यवस्थापन प्रणाली अद्यावधिक गरी भवनहरूको मर्मत सम्भार व्यवस्थित गरिनेछ।

३८. कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण, व्यावसायीकरण र बजारीकरणमार्फत उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गरिनेछ। प्रदेशलाई प्रमुख कृषि उपजमा आत्मनिर्भर तथा निर्यातमुखी बनाउने नीति लिइनेछ। बाली तथा पशुधन बीमा कार्यक्रमलाई विस्तार गरिनेछ।

३९. औषधि तथा औद्योगिक कच्चा पदार्थको रुपमा सुरक्षित र व्यावसायिक गाँजा खेतीलाई व्यवस्थित गर्न आवश्यक कानूनी प्रबन्ध गरिनेछ।

४०. जिल्लागत सम्भावनाका आधारमा खाद्यान्न, फलफूल, तरकारी, तेलहन, दलहन, पशुपन्छी तथा मत्स्य क्षेत्रको विकास गरिनेछ। कृषि प्रसार सेवा, माटो परीक्षण तथा जलवायु मैत्री कृषि प्रविधिलाई विस्तार गरिनेछ। खाद्य स्वच्छता सुनिश्चितताको लागि मुख्य मुख्य शहर र फार्महरूमा **मोबाइल खाद्य परीक्षण गर्ने प्रविधियुक्त प्रणाली** कार्यान्वयन गरिनेछ।

४१. सरकारी फार्म केन्द्रहरूलाई अनुसन्धान तथा प्रविधि प्रसारको हबका रुपमा विकास गर्दै नेपाल कृषि अनुसन्धान परिषद् र विश्वविद्यालयसँग सहकार्य गरी नविनतम् परिक्षणहरू सञ्चालन गरिनेछ। कृषि, पशुपन्छी तथा मत्स्य विज्ञानको क्षेत्रमा स्नातक तहमा अध्ययनरत विद्यार्थीहरूलाई बागमती प्रदेशको समस्यामा आधारित अनुसन्धानमा संलग्न गराई शोधकार्यमा सहयोग प्रदान गरिनेछ।

४२. **"प्रदेशको शान, परिश्रमी किसान"** अभियान मार्फत युवा लक्षित कृषि उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ। किसान, कृषि तथा पशुपालन व्यवसायसँग सम्बन्धित उद्यमीहरूका लागि कर्जामा ब्याज अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।

४३. कृषि उपजको प्रशोधन, भण्डारण तथा बजारीकरणलाई प्रोत्साहन गरिनेछ। **एक वडा - एक कृषि उत्पादन** कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ। सामुहिक खेती र उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई थप विस्तार एवम् पारदर्शी र निष्पक्ष बनाइनेछ।

४४. कृषि उपजमा किसानले पाउने र उपभोक्ताले तिर्ने मूल्य अन्तरलाई घटाउन स्थानीय तहमा स्थापित कृषि उपज बजार केन्द्रहरूको सुदृढीकरण गरिनेछ। बागमती प्रदेश सरकार र हेटौंडा उपमहानगरपालिकाको संयुक्त लगानीमा निर्मित प्रदेश कृषि थोक बजारलाई तत्काल सञ्चालनमा ल्याइनेछ।

४५. भूमिको उर्वरा शक्ति बढाई माटोको अवस्था स्वस्थ राख्न प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्रसँगको लागत साझेदारीमा प्रदेशभित्र प्राङ्गारिक मल उत्पादन गर्ने कारखाना स्थापना गरिनेछ। कृषिमा वातावरणमैत्री प्रविधिलाई प्रयोगमा ल्याइनेछ।

४६. पशु स्वास्थ्य सुरक्षालाई सुदृढ बनाउन खोरेत लगायत महामारीजन्य रोगविरुद्ध खोप अभियान सञ्चालन गरिनेछ। पशुपन्छीको स्वास्थ्यमा आईपर्ने महामारीको प्रभावकारी नियन्त्रणको लागि आपतकालीन द्रुत प्रतिकार्य टोली गठन र परिचालन गरिनेछ। पशुजन्य उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि उन्नत नस्ल सुधार र कृत्रिम गर्भाधान सेवाको विस्तार गरिनेछ।

४७. मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण तथा कृषि उपजको संरक्षणका लागि बाँदर लगायतका वन्यजन्तुको वासस्थान व्यवस्थापन तथा प्रभावित क्षेत्रमा फलफुल जङ्गल प्रणाली प्रवर्धन गरिनेछ। वन्यजन्तुबाट पीडित परिवारलाई राहत, बीमा तथा प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ।

४८. सुरक्षित तथा गुणस्तरीय खानेपानी सेवामा नागरिकको पहुँच विस्तार गरी **"एक घर, एक धारा"** कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ। जलाधार तथा मुहान संरक्षणलाई जलवायु अनुकूलन प्रविधिसँग आबद्ध गरिनेछ।

४९. **खाद्य सुरक्षाका लागि उत्पादन र उत्पादनका लागि सिँचाइ** भन्ने मूल मर्म अनुरूप सिँचाइ आयोजनाहरू विस्तार गरिनेछ। परम्परागत कुलो, पोखरी, पुनर्भरण क्षेत्र तथा तालतलैयाको संरक्षण र पुनर्स्थापना गरिनेछ। विगतमा निर्माण भई निष्क्रिय रहेका ट्युबवेलहरूलाई प्रदेश सरकार, स्थानीय तह र कृषकको लागत साझेदारीमा सोलार पम्प पाइलट परियोजना मार्फत पुनः सञ्चालन गरी सिँचाइ सेवा सुनिश्चित गरिनेछ। पर्यटन, खानेपानी, सिँचाइ र विद्युत उत्पादन क्षेत्र समेटी बहुआयामिक परियोजना निर्माण गरिनेछ। साथै लिफ्ट सिँचाइ तथा कृषिमा उर्जा पँहुच विस्तार कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

५०. प्रदेशका शत प्रतिशत घरधुरीमा गुणस्तरीय र भरपर्दो विद्युत सेवा सुनिश्चित गर्न नवीकरणीय तथा वैकल्पिक ऊर्जाको उपयोग विस्तार गरिनेछ। उक्त कार्यमा निजी क्षेत्रलाई सहभागी गराउन प्रोत्साहित गरिनेछ।

५१. प्रादेशिक सडक यातायात गुरूयोजनालाई भौगोलिक सन्तुलन, आवश्यकता, प्राविधिक सम्भाव्यता र प्रतिफलका आधारमा अद्यावधिक गरिनेछ। प्राथमिकताका आधारमा प्रदेश लोकमार्ग, प्रदेश मार्ग, सडकपुल, झोलुङ्गे पुल तथा अन्य सडक पूर्वाधार विकास, विस्तार र स्तरोन्नती गरिनेछ। बाह्रैमहिना चल्ने पक्की सडकमार्फत पहुँच पुग्न बाँकी रहेका स्थानीय तहका केन्द्र जोड्ने सडकहरूको स्तरोन्नती गरिनेछ।

५२. **"पहिले मर्मत, त्यसपछि निर्माण"** भन्ने नीतिअनुसार सडक तथा पुलको नियमित मर्मत सम्भार गरिनेछ। अति आवश्यक बाहेक आगामी आर्थिक वर्षमा कुनै पनि नयाँ सडक ट्र्याक निर्माण नगर्ने नीति अवलम्बन गरिनेछ।

५३. ठूला पूर्वाधार आयोजना निर्माण गर्दा जलवायु उत्थानशील, वातावरणमैत्री, विपद् जोखिम न्यूनीकरण तथा सर्वसुलभ डिजाइनयुक्त पूर्वाधार निर्माणलाई प्रोत्साहन गरिनेछ। सडक सौन्दर्यीकरणको लागि मुख्य सडक आसपास फलफूल तथा वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ।

५४. सडक पूर्वाधारहरुको विकाससँगै स्थानीय उत्पादन प्रवर्धन गरी नागरिकको जिविकोपार्जन सुधार गर्न र **हरित अर्थतन्त्रलाई** प्राथमिकता दिंदै **सडक र हरित उद्यमशीलता** कार्यान्वयनमा विशेषतः भौतिक, वन, कृषि, पर्यटन र उद्योग लगायतका मन्त्रालयबीच समन्वय र सहकार्यको प्रणाली विकास गरी लागू गरिनेछ।

५५. सडक दुर्घटनाबाट हुने जनधनको क्षति न्यूनीकरण गर्न सडक सुरक्षा मापदण्ड कडाईका साथ लागू गरिनेछ। वातावरणमैत्री सार्वजनिक यातायात तथा विद्युतीय सवारीसाधनलाई प्रोत्साहन गरिनेछ।

५६. यातायात कार्यालयबाट प्रदान गरिने सेवाहरूलाई एकीकृत डिजिटल प्रणालीमार्फत सरल, पारदर्शी र सेवाग्राहीमैत्री बनाइनेछ। सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षालाई अझ बढी निष्पक्ष, वैज्ञानिक र पारदर्शी बनाउन अटोमेटिक ड्राइभिङ टेस्ट ट्र्याकको व्यवस्था लागू गरिनेछ। सवारी दर्ता, स्वामित्व परिवर्तन र सवारीको हेरफेर गर्ने बाहेकका अन्य सम्पूर्ण यातायात सेवाहरू सबै जिल्लाबाट उपलब्ध हुनेगरी सेवा विकेन्द्रित गरिनेछ।

५७. **युवा सूचना व्यवस्थापन प्रणाली** सञ्चालन गरी युवाको सीप, क्षमता, रोजगारी तथा उद्यमशीलताको अभिलेख व्यवस्थापन गरिनेछ। युवालाई सीप विकास, नवप्रवर्तन तथा स्वरोजगार कार्यक्रममा आबद्ध गरिनेछ। वैदेशिक रोजगारबाट फर्किएका युवाको सीप र दक्षताको आधारमा पुनःएकीकरण तथा उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

५८. रोजगार सेवा केन्द्रलाई सुदृढ गर्दै **वृत्ति परामर्श तथा श्रम बजार सूचना व्यवस्थापन प्रणाली** विकास गरिनेछ। अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूको अनिवार्य दर्ता र सामाजिक सुरक्षा बीमा प्रणाली विस्तार गरिनेछ।

५९. खेलकुद पूर्वाधार निर्माण तथा स्तरोन्नतिलाई प्राथमिकता दिइनेछ। भरतपुरमा निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला, ललितपुरमा निर्माणाधीन गोदावरी रंगशाला र हेटौंडाको गौरीटारमा निर्माणाधीन अन्तर्राष्ट्रिय खेलकुद पूर्वाधारलाई निर्धारित समयमा सम्पन्न गर्न उच्च प्राथमिकता दिइनेछ।

६०. **"बागमती प्रदेशको शान, खेलाडीको सम्मान"** कार्यक्रम सञ्चालन गरी प्रतिभावान खेलाडी, प्रशिक्षक तथा रेफ्रीको पहिचान र प्रोत्साहन गरिनेछ। फरक क्षमता भएका वर्गको खेलकुद सहभागितालाई प्रवर्धन गरिनेछ। स्थानीयस्तरमा प्रादेशिक खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ। खेल पर्यटन तथा साहसिक खेललाई प्रोत्साहन गरिनेछ।

६१. **"घुमौं बागमती, बुझौं संस्कृति**" अभियान सञ्चालन गर्दै प्रदेशका प्रमुख तथा ओझेलमा परेका पर्यटकीय गन्तव्यहरूको प्रवर्धन गरिनेछ। बागमती प्रदेशका ६६ वटै निर्वाचन क्षेत्रमा पर्यटकीय पूर्वाधारको समानुपातिक विकास सुनिश्चित गर्न एक **निर्वाचन क्षेत्र : एक प्रमुख पर्यटकीय गन्तव्य** अवधारणालाई कार्यान्वयन गरिनेछ।

६२. धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्त्विक सम्पदाको संरक्षण, संवर्द्धन तथा व्यवस्थापनलाई प्राथमिकता दिइनेछ। लोपोन्मुख भाषा, लिपि, कला, संस्कृति तथा अमूर्त सम्पदाको डिजिटल अभिलेख तयार गरिनेछ।

६३. प्रदेशभित्र रहेका ऐतिहासिक, धार्मिक र पर्यापर्यटकीय स्थलहरू जोड्ने गरी **बागमती प्रदेश पर्यटकीय सर्किट परियोजना** लाई प्रदेश सरकारको प्राथमिकता प्राप्त आयोजनाका रूपमा कार्यान्वयन गर्न बृहत् गुरुयोजना बनाई पर्यटन पूर्वाधारहरूको विकास गरिनेछ।

६४. बागमती प्रदेश पर्यटन रणनीतिक योजना (२०२५-२०४०) लाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। चितवन जिल्लालाई बैठक, प्रोत्साहन, सम्मेलन तथा प्रदर्शनी(माइस) पर्यटन केन्द्रको रुपमा विकास गरिनेछ। योग, ध्यान, वेलनेस, जङ्गल सफारी तथा साहसिक पर्यटनलाई प्रवर्धन गरिनेछ। साथै अन्तराष्ट्रिय साहसिक पर्यटन प्रवर्धनका लागि हाइकिङ, साइक्लिङ, म्याराथन जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

६५. आधुनिक जीवनशैली, जैविक, मनोवैज्ञानिक र वातावरणीय कारकहरूवाट उत्पन्न डर, चिन्ता, नैराश्यता, नकारात्मकता, तनाव, माईग्रेन, डिप्रेसन, जस्ता मानसिक तथा शारीरिक स्वास्थ्य समस्यावाट मुक्त भई योग, ध्यान र स्वजागरणको माध्यमवाट स्वस्थ, आरोग्य रहने प्रदेशवासीको चाहनालाई सम्वोधन गर्न प्रादेशिक राजधानी हेटौंडामा प्रदेश गौरवको आयोजनाको रुपमा एक **आरोग्य केन्द्र स्थापना** गरिनेछ।

६६. अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ। विपन्न, अल्पसङ्ख्यक र सिमान्तकृत समुदायका बालबालिकाहरूको गुणस्तरीय शिक्षा सुनिश्चितताको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६७. उच्च शिक्षालाई अनुसन्धानमुखी बनाउँदै प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार गरिनेछ। ज्ञान प्रविधि नवप्रवर्तन तथा विकास कोषलाई निरन्तरता दिई युवा वैज्ञानिक लक्षित प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ। **प्रादेशिक स्टिम/आइटी विद्यालय कार्यक्रम, विद्यार्थी ह्याकाथन कार्यक्रम, आइटी स्किल फेलोसिप** जस्ता कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

६८. आधारभूत स्वास्थ्य सेवामा नागरिकको पहुँच सुनिश्चित गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ। डिजिटल स्वास्थ्य प्रणाली, दूरचिकित्सा तथा विशेषज्ञ स्वास्थ्य सेवा विस्तार गरिनेछ। मातृ तथा नवजात शिशु स्वास्थ्य सेवाको पहुँच विस्तार गरिनेछ। जोखिमयुक्त गर्भवती तथा सुत्केरीको निःशुल्क हवाई उद्धार कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६९. प्रादेशिक अस्पतालहरूको पूर्वाधार विकास गर्दै क्यान्सर, मुटु तथा मानसिक स्वास्थ्य र डायलासिस सेवामा पहुँच अभिवृद्धि गरिनेछ। जलनको उपचार, कृत्रिम गर्भाधारण र विशेषज्ञ आँखा सेवाको विकास र विस्तार गरिनेछ।

७०. प्रदेशका सम्पूर्ण स्वास्थ्य सेवालाई प्रविधिमैत्री बनाउँदै अस्पतालहरूलाई एकीकृत मेडिकल रेकर्ड र अनलाइन सेवामा जोड्दै न्यूनतम सेवा मापदण्ड र क्लिनिकल अडिटमार्फत अस्पताल गुणस्तर सुधार गरिनेछ। उपयुक्तताको आधारमा एलोपेथिक अस्पताल तथा आयुर्वेद चिकित्सालयलाई एकीकृत स्वास्थ्य सेवाको रुपमा विस्तार गर्दै लगिनेछ। वैकल्पिक चिकित्सालयहरू मार्फत स्वास्थ्य पर्यटन प्रवर्धन गरिनेछ।

७१. मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको संस्थागत सुदृढीकरण गरिनेछ। स्वास्थ्य अनुसन्धान तथा विशेषज्ञ जनशक्ति उत्पादनलाई प्रोत्साहन गरिनेछ। बागमती विश्वविद्यालयलाई विशिष्ट प्राविधिक विश्वविद्यालयको रुपमा रुपान्तरण गर्दै लगिनेछ।

७२. महिला सशक्तीकरण, लैङ्गिक समानता तथा महिला उद्यमशीलता विकासका कार्यक्रम सञ्चालन गरिनेछ। लैङ्गिक हिंसापीडितका लागि पुनर्स्थापना केन्द्र, सुरक्षित आवास तथा मनोसामाजिक परामर्श सेवाको विस्तार गरिनेछ। महिला तथा बालबालिकामाथि हुने हिंसाविरुद्ध द्रुत उद्धार तथा कानुनी सहजीकरण सेवा उपलब्ध गराइनेछ।

७३. बालअधिकार संरक्षण, बालविवाह अन्त्य तथा बालमैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन गरिनेछ। जोखिममा रहेका बालबालिकाको संरक्षण तथा पुनर्स्थापनामा जोड दिइनेछ।

७४. ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको संरक्षण र सशक्तीकरणका कार्यक्रम सञ्चालन गरिनेछ। असहाय, फरक क्षमता भएका तथा सडक आश्रित व्यक्तिको उद्धार, पुनर्स्थापना तथा पुनर्मिलन कार्यक्रम सञ्चालन गरिनेछ। सार्वजनिक सेवा तथा पूर्वाधारलाई अपाङ्गमैत्री, सर्वसुलभ र पहुँचयोग्य बनाइनेछ।

७५. सहकारी क्षेत्रलाई पारदर्शी, विश्वसनीय र उत्तरदायी बनाइनेछ। सहकारी संस्थाको प्रभावकारी नियमन, सुपरीवेक्षण तथा अभिलेख प्रणाली सुदृढ गरिनेछ। सहकारीलाई उत्पादन, उद्यमशीलता र रोजगारीसँग आबद्ध गरिनेछ। सहकारीहरूको सुदृढीकरण तथा एकीकरणलाई प्रोत्साहन गरिनेछ।

७६. बचतकर्ताको हित संरक्षणलाई प्राथमिकता दिँदै समस्याग्रस्त सहकारी संस्थाको समस्या समाधानको लागि "बागमती प्रदेश समस्याग्रस्त सहकारी व्यवस्थापन समिति" को कार्यलाई प्रभावकारी बनाइनेछ। सहकारी शिक्षा तथा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

७७. वातावरण संरक्षण, हरित अर्थतन्त्र तथा जलवायु अनुकूल विकासलाई प्रदेश सरकारका सबै नीति, योजना तथा कार्यक्रमसँग आबद्ध गरिनेछ। वन, जैविक विविधता तथा प्राकृतिक स्रोत संरक्षणमा समुदायको सहभागिता सुनिश्चित गर्दै दिगो विकासको आधार सुदृढ गरिनेछ।

७८. **"हरियो वन समृद्धिको साधन"** भन्ने अवधारणाअनुसार वन पैदावारमा आधारित उद्यम, हरित रोजगारी, पर्यापर्यटन तथा काष्ठ, वनजन्य फलफूल र जडीबुटीको संरक्षण, उत्पादन, प्रशोधन तथा बजारीकरणलाई प्रोत्साहन गरिनेछ। सरकारी संरचना निर्माणमा बागमती प्रदेशको काठलाई प्राथमिकता दिंदै स्वदेशी काठको प्रयोगलाई अनिवार्य गरिनेछ। वनपैदावार काठको मुल्य निर्धारण गर्ने कार्यलाई समयानुकुल रुपमा परिमार्जन गर्ने नीति लिइनेछ।

७९. सामुदायिक वनहरूको कार्ययोजना पुनर्लेखन गरी दिगो वन व्यवस्थापनलाई प्रभावकारी बनाइ वन समूहहरूलाई समावेशी, सुशासनयुक्त तथा जलवायु उत्थानशील बनाइनेछ। नमूना सामुदायिक वन कार्यक्रम सञ्चालन गरिनेछ। सालकलाई प्रदेशको गौरवको प्राणीका रूपमा संरक्षण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

८०. जलवायु परिवर्तनबाट प्रभावित क्षेत्र तथा समुदायका लागि अनुकूलन तथा उत्थानशीलता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ। जलवायु जोखिम न्यूनीकरण, जलाधार संरक्षण तथा संवेदनशील क्षेत्रहरूको व्यवस्थापनका लागि वातावरणमैत्री तथा बायोइन्जिनियरिङ प्रविधिको प्रयोगलाई प्राथमिकता दिइनेछ। एकीकृत जलाधार व्यवस्थापन गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ।

८१. जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्न रेड-प्लस कार्यक्रम तथा कृषि-वन केन्द्रित जलाधार विकास कार्यक्रम सञ्चालन गरिनेछ। समुदायको सहभागिता अभिवृद्धि गर्दै जलवायु उत्थानशील विकास, कार्बन न्यूनीकरण तथा प्रदेशभित्र हरित वित्त नीति लागु गरिनेछ।

८२. विकास आयोजना तथा उद्योगबाट हुने प्रदूषण नियन्त्रणका उपायहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ। पुनःप्रयोग, पुनःचक्रण तथा न्यून उपयोगलाई प्रवर्धन गरिनेछ।

**माननीय सभामुख,**

**माननीय सदस्यहरू,**

८३. प्रस्तुत नीति तथा कार्यक्रमले उत्पादन, रोजगारी, सामाजिक न्याय, नवप्रवर्तन, सुशासन, मानव विकास, दिगो पूर्वाधार तथा वातावरणीय सन्तुलनमार्फत समृद्ध बागमती प्रदेश निर्माणको आधार तयार गर्ने विश्वास लिएको छु। प्रदेश सरकार यस नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमार्फत आत्मनिर्भर, सुरक्षित, समावेशी र समृद्ध बागमती प्रदेश निर्माणमा दृढतापूर्वक अघि बढ्नेछ। प्रदेशको समग्र विकासमा सहयोग पुऱ्याउने राजनीतिक दलका जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, सामुदायिक क्षेत्र, नागरिक समाज, सञ्चारजगत लगायत सम्पूर्ण प्रदेशवासी दिदीबहिनी, दाजुभाइलाई हार्दिक आभार व्यक्त गर्दै प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनमा सहयोगको अपेक्षा गर्दछु।

**धन्यवाद।**